नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
माघ/फागुन २०७२ (February 2016) वर्ष २०/अङ्क २२७

## परमेश्वरले खोज्नुभएको हृदय

- डीकन सिमोन पाठक

तपाईंले पानीको मूल फुटेको ठाउँ देख्नुभएको छ ? नूहको जलप्रलयको समयमा अगाधका सब मूलहरू फुटे र आकाशका द्वारहरू खुलेको कारण सारा पृथ्वी पानीले जलमग्न भएको थियो । बाइबलले मानिसको हृदयलाई सारा जीवनको मूल हो भनी चित्रण गरेको छ । हाम्रो दैनिक जीवनका क्रियाकलापहरू हृदयसँग सम्बन्धित छन् । विगतमा हामीले हृदयमा संकलन गरेका कुराहरू नै आज हामी दैनिक जीवनमा पोखाइराखेका छौं । मानिस जन्मँदा खाली हृदय लिएर जन्मेको हुन्छ । जन्मेको दिनदेखि वा आमाको गर्भमा आएको दिनदेखि उसले जे सुन्छ त्यही कुरा नै उसको मन मस्तिष्कमा भरिँदै जान्छ । हामीले आज देखाइराखेको आनी बानी, व्यवहार, रहनसहन, बोलीवचन सानोदेखि हाम्रो मनमा भरिएका कुराहरू नै हुन् ।

कति मानिसहरू हिंसक बनेका छन्, अरूलाई दुर्व्यवहार गर्नेहरू भएका छन् । किन उनीहरू आज त्यस्ता भएका छन् ? अनुसन्धानले देखाएअनुसार हिंसक र दुर्व्यवहार परिवारमा हुर्केकाहरू नै आज अरूलाई हिंसा गरिराखेका छन्, अरूलाई दुर्व्यवहार गरिराखेका छन् । उनीहरू त्यसरीनै हुर्केको कारण उनीहरूको मन मस्तिष्कमा पनि आफू ठूलो भएपछि त्यस्तै गर्नेहरू भएका छन् । किन आर्मी र प्रहरीहरूमा हुनेहरूले आफूभन्दा तल भएकाहरूलाई तथानाम शब्दहरू बोल्ने, गाली गर्ने, हेप्ने गर्दछन् ? किनकि ऊ पनि तल्लो दर्जामा हुँदा ऊभन्दा माथिकाहरूले उसलाई त्यस्तै व्यवहार गरेका थिए, त्यसकारण आफू माथिल्लो दर्जामा पुगेपछि तल्लो दर्जामा हुनेहरूलाई त्यस्तै व्यवहार गर्ने सोच उसमा विकास भइसकेको हुन्छ । जुन मानिसको हृदय डर, असुरक्षा, छल, दुष्टता, खराब, अशुद्ध, कठोर, शंकालु, स्वार्थी आदि कुराहरूले भरिएको छ, उसले अरू मानिसहरूलाई पनि त्यस्तै नजरले हेरिराखेको हुन्छ । किनकि उसले आफ्नो हृदयमा भएको कुराहरू नै अरूहरूमा प्रतिबिम्ब गरिराखेको हुन्छ ।

बाइबलले मानिसको हृदयलाई विशेष गरी दुई किसिमले चिरफार गरिदिएको छ । सकारात्मक हृदय र नकारात्मक हृदय ।

**बाइबलले चित्रण गरेको नकारात्मक हृदय:**

- परमेश्वरबाट तर्किएको हृदय (यर्मिया १७:५)
- ढुंगाको हृदय (इजकिएल ११:१९)
- कठोर हृदय (हिब्रू ३:८, रोमी २:५)
- छली हृदय (यर्मिया १७:९)
- दुष्टताले भरिएको हृदय (लूका ६:४५)
- अशुद्ध हृदय (मत्ती १५:१८-१९, २३:२७-३८, मर्कूस ७:२०-२३)
- स्वःधर्मी ठहराउने हृदय (लूका १६:१५)
- अपश्चत्तापी हृदय (रोमी २:५)
- बेठीक हृदय (प्रेरित ८:२१)

नकारात्मक हृदयको विषयमा धर्मशास्त्रमा खोज्दै गयौं भने अझै धेरै कुराहरू पाउन सक्छौं । जलप्रलय हुनुअघि मानिसका विचारहरू खराब हुँदै गएका थिए । यदि हाम्रो हृदय नकारात्मक कुराहरूले भरिएको छ भने कसरी सकारात्मक काम, सकारात्मक बोलीवचन, सकारात्मक व्यवहार, सकारात्मक हेराइ, सकारात्मक सेवा गर्न सक्छौं ? हामीले चाहे तापनि हृदय अशुद्ध वा दुष्ट छ भने असल बोलीवचन वा कामहरू प्रकट हुन सक्दैन । प्रभु येशूले भन्नुभयो, "ए सर्पका बच्चा हो ! तिमीहरू आफै दुष्ट छौ, असल कुरा कसरी बोल्न सक्छौ ? किनभने हृदयमा भरिएका कुराहरू नै मुखबाट निस्कन्छन् । असल मानिसले आफूभित्र भरिएका असल थोकबाट असलै थोक निकाल्छ, तर दुष्ट मानिसले आफूमा भरिएको दुष्टताबाट दुष्ट थोक नै निकाल्छ" (मत्ती १२:३४-३५) ।

परमेश्वरले हामीलाई हरेक दिन नयाँ दिन दिनुहुन्छ । हामीले पाएको नयाँ दिन वा नयाँ वर्षमा नयाँ काम गर्नु हो भने सबैभन्दा पहिला हाम्रो हृदय नयाँ हुनु आवश्यक छ । परमेश्वरले गर्नुहुने कामको शुरूवात् शरीरबाट प्राणमा, प्राणबाट आत्मामा नभएर, आत्माबाट प्राणमा, प्राणबाट शरीरमा प्रष्फुटन हुँदछ । फलले रूखको परिचय दिएको जस्तै हाम्रो शरीरबाट भइराखेका वा गरिराखेका कामहरूले हाम्रो हृदय कस्तो छ, त्यसको परिचय दिइराखेको हुन्छ । यदि हामी अरूलाई लडाउने, गिराउने, चोट पुऱ्याउने, बाहिर चून पोतेको चिहानजस्तै धर्मी भएको टोपलेर भित्रचाहिँ कुहेको चिहानजस्तो हृदय बनाइराखेका छौं भने त्यहीअनुसारको कटनी पनि गर्नेछौं ।

**बाइबलले चित्रण गरेको सकारात्मक हृदय:**

- नयाँ हृदय (इजकिएल ३६:२६)
- मासुको हृदय (इजकिएल ३६:२६)
- चूर्ण हृदय (भजनसंग्रह ३८:१८)
- सेवा गर्ने हृदय (१ इतिहास २८:९, १ शमूएल १२:२०)
- खुशी वा आनन्दित हृदय (भजनसंग्रह १०५:३, १ इतिहास २८:९)
- परमेश्वरलाई खोज्ने हृदय (भजनसंग्रह १०५:३)
- शुद्ध हृदय (भजनसंग्रह ५१:१०, ७३:१, मत्ती ५:८)
- पूर्ण हृदय (१ शमूएल १२:२४)
- पश्चात्तापी हृदय (भजनसंगह ५१:१७)
- प्रेम गर्ने हृदय (व्यवस्था ६:४-५, मर्कूस १२:३०-३१)

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **फागुन १**<br>February 13 | एल्डर<br>सामुएल क्षेत्री | श्रीमती<br>रश्मिला तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>दिल थापा | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>गोपाल शर्मा | पाष्टर<br>बि.बि. खवास |
| **फागुन ८**<br>February 20 | पाष्टर<br>सामुएल कार्थक | पाष्टर<br>अशोक मुखिया | श्री<br>सिद्धि खालिङ | एल्डर<br>छचोगेन रोंगोंग | श्रीमती<br>गंगा श्रेष्ठ | एल्डर<br>नवराज के.सी. | डीकन<br>घन श्याम दाहाल |
| **फागुन १५**<br>February 27 | एल्डर<br>दिनेश न्यौपाने | डीकन<br>राजु तामाङ्ग | डीकन<br>सुरेश पुरकाटी | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | एल्डर<br>छचोगेन रोंगोंग | संयुक्त सेवा<br>ललितपुर चर्च |
| **फागुन २२**<br>March 5 | पाष्टर<br>रोबर्ट कार्थक | श्री<br>सरुष मान तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>दफ्तन सादा | डीकन<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

- सत्य हृदय (भजनसंग्रह ५१:६)
- असल थोकले भरिएको हृदय (लूका ६:४५)
- विभक्त नहुने हृदय (इजकिएल ११:१९)
- परमेश्वरमा भरोसा राख्ने हृदय (यर्मिया १७:७-८)
- खतना गरिएको हृदय (रोमी २:२९)
- सुरक्षित हृदय (हितोपदेश ४:२३)
- परमेश्वरबाट प्रशंसा पाउने हृदय (रोमी २:२९)
- परमेश्वरबाट कामअनुसारको इनाम पाउने हृदय (यर्मिया १७:१०)

नकारात्मक हृदयले नकारात्मक विश्वास पैदा गराउँछ भने सकारात्मक हृदयले सकारात्मक विश्वास पैदा गराउँदछ। परमेश्वरले प्रत्येक मानिसमा सकारात्मक हृदय खोज्नुहुन्छ। किनकि सकारात्मक हृदय भएकाहरूको जीवनबाट मात्र जीवनको मूल फुटेर निस्कदछ। हामी हाम्रो पढाईमा, परिवारमा, काममा, व्यवसायमा, सेवामा, मण्डली वृद्धिमा, उन्नति, आशिष् देख्न चाहन्छौं भने सकारात्मक हृदयको विकास गर्नु आवश्यक छ। सकारात्मक हृदयको विकास गर्न चाहनेहरूले आफ्नो बोली वचनमा परिवर्तन गर्नुपर्दछ। मानिसलाई गोली हान्ने बोली बोलेर हाम्रो हृदय सकारात्मक हुन सक्दैन। येशूको रगतले धोइएर शुद्ध भएको हृदयलाई दुषित् पार्ने काम नकारात्मक सोचविचार, नकारात्मक हेराइ, नकारात्मक बोली वचन र पापका कामहरू नै हुन्। पापबाट शुद्ध हुनलाई येशूको रगतको आवश्यकता पर्दछ भने नकारात्मक व्यवहारबाट शुद्ध हुन हृदय ठीक हुनु पर्दछ।

हामीले आफ्नो विषयमा, परिवारको विषयमा साथै एकअर्काको विषयमा सकारात्मक सोचहरू राखेर जीवन जिउन थाल्यौं भने हाम्रो हृदय असल थोकहरूको भण्डार हुन पुग्नेछ जसद्वारा आशिष् र उन्नतिको कटनी गर्न सक्नेछौं। मानिसको हृदय जीवनको मूल भएको कारण हृदयलाई सुरक्षित राख्नु प्रत्येक व्यक्तिको दायित्व हो। हाम्रो हृदय कस्तो छ ? “परमप्रभुले मानिसले झैं हेर्नुहुन्न। मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ” (१ शमूएल १६:७)।

# हार्दिक बधाई



पौष २७ गते/जनवरी ११ तारिख सोमबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **अस्मिता बि.सी.** र डिभाइन न्यू लाइफ फेलोशीप, कतार मण्डलीको सदस्य श्री **बल राम खाती**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **बल राम/अस्मिता खाती**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## फरवरी महिनाको कार्यक्रम

फागुन १ गते/फरवरी १३ तारिख शनिबार **महिला उपवास प्रार्थना** ज्ञानेश्वर मण्डलीमा।

फागुन ४ गते/फरवरी १६ तारिख मंगलबार बिहान १०:००-२:०० बजेसम्म **नेइम पूर्णकालिन सेवक/सेविकाहरूको रीट्रिट** ज्ञानेश्वर मण्डलीमा।

फागुन ९ गते/फरवरी २१ तारिख आइतबार **नेइम कार्यकारिणीको बैठक** गोंगबूँ मण्डलीमा।

# विशेष् प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति निरन्तर प्रार्थना गरौं।

२. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगति भएको होस् र इमान्दारिताको लागि प्रार्थना गरौं साथै देशको तराई भेगमा भइरहेको बन्द, हडताल, नाका बन्दी हटेर गएको होस्।

३ मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र अगुवाइमा आत्माले डोऱ्याएकाहरू भई जिउन सकून्।

४. यो वर्षभरिको सेवा-संगति, सभाहरूको लागि प्रार्थना गरिदिऔं ताकि मण्डली अझ आशिषित् भएर जान सकून्।

५. यो वर्ष नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं।

६. नेपालका मण्डलीहरू साथै ख्रीष्टियन संघ संस्थाहरू परमेश्वरको इच्छा र योजनाअनुसार परमेश्वरको महिमाको लागि यो वर्ष अझै अघि बढ्दै जान सकून्।

७. सारा संसारभरिका मण्डलीहरूमा पवित्र आत्माबाटको जागृतिको लागि प्रार्थना गरिदिऔं।


## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| **फागुन १** February 13 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री राजु तामाङ्ग |
| **फागुन ८** February 20 | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | श्री जय सिंह | डीकन सिमोन पाठक | श्री सुरेन्द्र सापकोटा |
| **फागुन १५** February 27 | श्री राज गुरूङ्ग | पाष्टर प्रेम श्रेष्ठ | श्री लेख नाथ पौडेल | एल्डर सागर थापा | एल्डर जमान घ्लान | पाष्टर प्रेम श्रेष्ठ | श्री प्रशान्त सिंह | श्री राजु तामाङ्ग |
| **फागुन २२** March 5 | एल्डर जमान घ्लान | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | पाष्टर प्रेम श्रेष्ठ | श्री राज गुरूङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर सामुएल कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च |

### जानकारी

पौष १८ गते/जनवरी २ तारिख शनिबार नेइम गुरुजुधारा मण्डलीमा डीकन **नवराज के.सी** लाई एल्डर अभिषेक गरियो ।

माघ १० गते/जनवरी २४ तारिख आइतबार नेइम रानीपौवा संगतिको भवन उद्घाटन भयो ।



धापासी बस्नुहुने नेइम धापासी मण्डलीकी सदस्य श्रीमती **मैना नेपाली** ८५ वर्षको उमेरमा पौष २६ गते/जनवरी १० तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



कंकेश्वरी बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती **विष्णु माया देउला** ६३ वर्षको उमेरमा पौष २३ गते/जनवरी ७ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

### जानकारी

**नेइम जोरपाटी मण्डलीमा पाष्टरीयको सेवकाइको लागि पाष्टर प्रेम श्रेष्ठलाई जनवरी 2 तारिख, पौष १८ गते शनिबारको दिन प्रार्थना गरी सेवकाइको जिम्मा दिइएको जानकारी गराउँदछौं ।**

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।



सामाखुशी बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्री **केभिन तामाङ्ग** ३६ वर्षको उमेरमा माघ २ गते/जनवरी १६ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



कलंकी, नैकाप बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती **सीता सुवेदी** ६० वर्षको उमेरमा माघ ४ गते/जनवरी १८ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



सुन्दरीजल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **लोक बहादुर अधिकारी** ७९ वर्षको उमेरमा माघ ५ गते/जनवरी १९ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



धोबिघाट बस्नुहुने नेइम ललितपुर मण्डलीकी सदस्य श्रीमती **कान्छी खत्री** ८२ वर्षको उमेरमा माघ १७ गते/जनवरी ३१ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



धुमाखेल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती **सुनिता नेपाली** ५४ वर्षको उमेरमा माघ १८ गते/फरवरी १ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २४ 7<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | २ 14<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | ९ 21<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाललाई पवित्र आत्माको अगुवाइमा विश्वास-योग्यताका साथलसधैं हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | १६ 28<br>नेइम परिषदका गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>जकरिया ४:६, प्रेरित २०:२८ |
| **सोमबार**<br>**Monday** | २५ 8<br>अधुरो परिवारमा रहेकाहरू साथै प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १६:३३, १ पत्रुस ४:१२-१६ | ३ 15<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकभैंm नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | १० 22<br>मण्डलीका सबै समर्पित विश्वासीहरू मण्डलीको सेवा-संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढाउँदै जान सकौं ।<br>१ कोरिन्थी १४:२६, हिब्रू १०:२४-२५ | १७ 29<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७,११ |
| **मंगलबार**<br>**Tuesday** | २६ 9<br>मण्डलीमा भइरहेका सेवा संगतिद्वारा मण्डली बलियो हुँदै जान सकून् ।<br>भजनसंग्रह ३०:११-१२, यशैया ३५:३-७ | ४ 16<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ | ११ 23<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १८ March 1<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितमा जिउन सकून् ।<br>हितोपदेश २८:१३, भजनसंग्रह १३९:१-८, |
| **बुधबार**<br>**Wednesday** | २७ 10<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | ५ 17<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | १२ 24<br>प्रभु येशूको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा र सतावटमा पर्नु-भएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>प्रेरित ९:१५-१६,, फिलिप्पी १:२६-२९ | १९ 2<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार**<br>**Thursday** | २८ 11<br>परमेश्वरले दिनुभएका सबै बाल बालिकाहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष मागिदिऔं ।<br>यशैया ६१:९, भजनसंग्रह १२७:२ | ६ 18<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १५:७, एफिसी ४:१-४, ३०-३२ | १३ 25<br>परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई हामी परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>यशैया ६३:७-९, एफिसी ५:२० | २० 3<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ |
| **शुक्रबार**<br>**Friday** | २९ 12<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन् गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-६ | ७ 19<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | १४ 26<br>प्रत्येक शनिबार मण्डलीमा पहिलो पल्ट आउनुहुने सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२, ५५:१-३ | २१ 4<br>आराधना सेवामा सबैजना आराधना गर्न वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>भजनसंग्रह ११९:१६२-१७५ |
| **शनिबार**<br>**Saturday** | १ फागुन 13<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | ८ 20<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १५ 27<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | २२ 5<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

**धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिंड्दैन, जो पापीहरूको मार्गमा खडा हुँदैन, अनि गिल्ला गर्नेहरूको संगतमा बस्दैन । तर परमप्रभुको व्यवस्थामा नै खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ । त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन । त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ ।**

**भजनसंग्रह १:१-३**